नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड २, संख्याः ३, आषाढ ३१ गते, २०७५ साल

## भाग १

सभाबाट पारित मितिः २०७५।३।२७

### संशोधित शिक्षा नियमावली २०७५

| नियम | भएको व्यवस्था | संशोधन गरी थप/हटाइएको | कारण |
|---|---|---|---|
| नियम २६ (१) (घ) | नगरपालिकाले तोकेको विद्यालय सुपरिवेक्षक एक जना- सदस्य | हटाइएको | विद्यालय सुपरिवेक्षक पठाउन सम्भव नदेखिएको |
| नियम २६ (१) (च) | समितिले मनोनयन गरेको विद्यालयलाई विशिष्ठ योगदान दिन सक्ने चन्दादाता वा जग्गादाता मध्ये २ जना सदस्य | समितिले मनोनयन गरेको विद्यालयलाई विशिष्ठ योगदान दिएको चन्दादाता वा जग्गादाता वा शिक्षाप्रेमी समाजसेवी व्यक्तिहरु मध्येबाट एक जना महिला सहित ३ जना | विद्यालय सपरिवेक्षक सदस्य रहने प्रावधान हटाइएकोले थप गरिएको |
| नियम २६ (२) | विद्यालय, शिक्षक, अभिभावक सङ्घका अध्यक्ष र विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको | सम्बन्धित विद्यालयका शिक्षक अभिभावक सङ्घका अध्यक्ष र विद्यालय स्तरीय | विद्यालयहरुले सल्लाहकार समेत विशिष्ठ योगदान दिने पूर्व अध्यक्षहरु समेत |

| | | | |
|---|---|---|---|
| | एक बालक र एक बालिका गरी २ जना विद्यार्थी समेत ३ जना विद्यालय व्यवस्थापन समितिको स्थायी आमन्त्रित सदस्य रहनेछन् । | बालक्लबले मनोनयन गरेको एक बालक, एक बालिका गरी २ जना विद्यार्थी समेत ३ जना विद्यालय व्यवस्थापन समितिको आमन्त्रित सदस्य रहनेछन् । विद्यालय व्यवस्थापन समितिले आवश्यक महशुस गरेमा विद्यालयलाई विशिष्ठ योगदान दिने बढिमा ५ जना थप सल्लाहकार र आमन्त्रित सदस्य मनोनित गरी बैठकमा आमन्त्रण गर्न सकिनेछ । | अनुभवी विद्यालय हितमा लगाउने वातवरण सृजना गर्न । |
| नियम | भएको व्यवस्था | संशोधन गरी थप/हटाइएको | कारण |
| नियम ४९ (२) | शिक्षा शाखाको निर्देशनमा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढिमा तीस दिन विद्यालयमा बिदा दिन सकिनेछ । | शिक्षा समितिको निर्देशनमा एक शैक्षिक सत्रमा वर्षे बिदा ३० दिन हिउँदे बिदा १० दिन र ५ दिन विद्यायहरुले विशेष अवस्थामा बिदा गर्न सक्ने गरी जम्मा ४५ दिन विद्यालयलाई हिउँदे, वर्षे र विशेष बिदा उपलब्ध हुनेछ । | विद्यालयहरुले सुविधा लिइरहेको बिदलाई व्यवस्थित गर्न |
| नियम ४९ (५) | हरेक वर्षमा १५ दिनका दरले बढीमा १८० दिन सामुदायिक विद्यालयका शिक्षकले घर बिदा सञ्चित गर्न पाउनेछन् । यसरी सञ्चित गरेको बिदा सम्बन्धित शिक्षकले पूर्व | हटाइएको | हिउँदे, वर्षे बिदा ४५ दिन कायम गरिएकाले घर बिदा हटाइएको |

| | | | |
|---|---|---|---|
| | स्वस्कृति लिई उपयोग गर्न पाउने छ । | | |
| नियम ६२ (१) (घ) | घर बिदा वर्ष भरिमा पन्ध्र दिन | हटाइएको | हिउँदे वर्षे बिदा ४५ दिन कायम गरिएकोले घर बिदा हटाइएको |
| नियम ६२ (२) | भैपरि आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिने छ । यस्तो बिदा सञ्चित हुने छैन । घर बिदा १८० दिनसम्म सञ्चित गर्न सकिने छ । | "घर बिदा १८० दिनसम्म सञ्चित गर्न सकिने छ" भन्ने वाक्यांश हटाइएको | घर बिदा हटाइएकाले संशोधन गरिएको |
| नियम ६२ (१६) | भैपरि आउने बिदा, पर्व बिदा, घर बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसुती बिदा, प्रसुती स्याहार बिदा बस्ने शिक्षक तथा कर्मचारीले पुरा तलब पाउनेछ । | "घर बिदा" भन्ने शब्द हटाइएको | घर बिदा राख्ने प्रावधान खारेज भएकोले । |

आज्ञाले

हरिप्रसाद बाँस्तोला

प्रमुख प्रशासकीय अधिकृत